

# राष्ट्रिय गान

सयौं थुंगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची–महाकाली

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा, धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय–जय नेपाल ।

# विषय सूची



| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | सञ्चालक समितिको प्रतिवेदन | ४-१० |
| २. | लेखा समितिको वार्षिक प्रतिवेदन | ११-१२ |
| ३. | लेखापरीक्षकको प्रतिवेदन | १३ |
| ४. | वासलात | १४ |
| ५. | आय बिवरण हिसाब | १५ |
| ६. | इक्विटी विवरण | १६ |
| ७. | नगद प्रवाह बिवरण | १७ |
| ८. | अनुसूचीहरु | १८-२७ |
| ९. | प्रमुख लेखा नीतिहरु | २८-३० |

## देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. चन्द्रागिरि-५, काठमाडौंको दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

**शेयरधनी महानुभावहरू,**

यस देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. चन्द्रागिरि-५, काठमाडौंको मिति २०७५/०५/२९ गते शुक्रबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरि पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरूको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**साधारण सभा बस्ने मिति, स्थान र समयः**

मिति : २०७५ पुस १४ गते, शनिबार ।

स्थान : ग्रिनल्याण्ड ब्याङ्क्वेट, चन्द्रागिरि-७ ।

समय : विहान ११:०० बजे ।

**साधारण सभामा छलफल हुने विषयहरूः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संस्थाको आ.व. २०७४/०७५ को लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३ चालू आ.व. २०७५/०७६ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. आ.व २०७४/०७५ मा संचालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने सम्बन्धमा ।
५. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागी प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
६. शेयर सदस्यहरूलाई लाभांश वितरण गर्ने सम्बन्धमा ।
७. कर्मचारी बोनस वितरण गर्ने सम्बन्धमा ।
८. विनियम संशोधन गर्ने सम्बन्धमा ।
९. विविध

(नोटः साधारण सभामा भाग लिन संस्थाको निमन्त्रणा पत्र अनिवार्य गरिएको छ ।)

अध्यक्ष
संचालक समितिको आज्ञाले

**देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को**
**संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७४/०७५ को**

# वार्षिक प्रतिवेदन

## आदरणीय शेयरधनी सदस्यज्यूहरू

यस देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को दशौं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरि पाल्नु हुने आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, विभिन्न संघ, संस्था तथा सहकारी संस्थाहरूबाट पाल्नु हुने अतिथिज्यूहरू, विभिन्न मिडियाबाट पाल्नु हुने मिडियाकर्मी मित्रहरू, संचालक समितिका मेरा मित्रहरू, लेखा समितिका संयोजक तथा सदस्य मित्रहरू, कानूनी सल्लाहकारज्यू, विभिन्न उप समितिका संयोजक तथा सदस्य मित्रहरू, कर्मचारी साथीहरू र यस सभामा पाल्नु हुने आदरणीय सम्पूर्ण शेयरधनी सदस्यज्यूहरूमा संचालक समितिको साथै मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन प्रकट गर्दछु ।

## आदरणीय शेयरधनी सदस्यज्यूहरू

नेपालको सहकारी अभियान औपचारिक रुपमा वि.सं. २०१३ चैत्र २० गते बखान ऋण सहकारी चितवनबाट शुरु भएकोमा आजको दिन सम्म आइपुग्दा करिब ३५००० सहकारी संस्थाहरु रहेको छन् त्यस मध्य पनि बचत तथा ऋण सहकारी संस्था करिब १४००० हाराहारीमा दर्ता भएका छन् । चन्द्रागिरि नगरपालिकामा मात्रै नगर स्तरीय १३९ र प्रदेश स्तरीय १० सहकारीहरूले सेवा दिइरहेका छन् । यही सहकारीको भिडमा आफ्नो छुट्टै पहिचान दिलाउन सफलता हासिल गरिरहेको यस देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. डिभिजन सहकारी कार्यालय काठमाडौंमा २५ जना स्थानीय जुझारु युवाहरू एकत्रित भई मिति २०६६ असार ६ गते बाट आफ्नो सेवा निरन्तर रुपमा दिँदै आइरहेको सहकारी संस्था हो । हाल चन्द्रागिरि नगर पालिका वडा नम्बर ५ दाउराडिपोमा आफ्नै ०-५-२-० क्षेत्रफल जग्गामा बनेको सहकारी भवनबाट आफ्ना सदस्यहरूलाई निरन्तर दैनिक रुपमा सेवा प्रदान गर्दै आइरहेको जानकारी यस सभा समक्ष गराउन पाउँदा गौरवान्वित महसुस गरिरहेको छु ।

## आदरणीय शेयरधनी सदस्यज्यूहरू,

समुदायका विभिन्न जात, जाति, धर्म र संस्कृतिका व्यक्तिहरूको समूह, जसमा सबैको स्वामित्व समान रहने र प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रण भई व्यावसायिक माध्यमबाट आय आर्जन गर्ने व्यक्तिहरूको एक स्वायत्त र स्वःनियमकारी संस्था नै सहकारी हो । राज्यको ऐन, नियम, निर्देशिका, मापदण्ड, स्थानीय नीति र संस्थाको विनियम बमोजिम सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गर्दै समूदायमा छरिएर रहेका सदस्यहरूको साना साना पुँजीहरूलाई दैनिक रुपमा बचत गराउने र बचत भएको

पूँजीलाई सदस्यहरूकै हितका लागि ऋण प्रदान गर्ने, त्यहि बचत लिँदा दिने ब्याज ऋण लगाउनी गर्दा प्राप्त हुन ब्याजको फरकबाट भएको मुनाफाबाट संचालन हुने संस्था नै सहकारी हो । सहकारीको मुख्य उद्देश्य भनेकै आफ्नो सदस्यहरूलाई सधैं पहिलो प्राथमिकतामा राखेर आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता पुर्ती गर्न पूर्ण रुपमा वित्तीय सेवा प्रदान गर्नु हो । सहकारी क्षेत्रलाई राज्य पक्षले समेत पहिचान गरि अर्थतन्त्रको तीन खम्बा मध्ये एउटा खम्बको रुपमा परिभाषित गरि देश विकासमा प्रमुख भूमिका खेलेको उल्लेख गरिएको छ ।

त्यसैले समूदायमा आधारित सदस्य केन्द्रित कारोबार गर्ने उद्देश्य साथ गठन भएको यस संस्थालाई अझ उत्कृष्ट र पारदर्शी बनाउन हाम्रा सदस्यहरूको सदैव राय, सुझाव, सल्लाह र सहयोगको अपेक्षा गरिरहने छौं । संचालक समिति, लेखा समिति, ऋण उपसमिति तथा अन्य उपसमिति र हाम्रा कर्मठ कर्मचारी साथीहरूको अटुट मेहनत, परिश्रम र इमान्दारिताको साथै सदस्यज्यूहरूले संस्था प्रति देखाउनु भएको माया र हौसलाले गर्दा नै आज हामी दशौं वार्षिक साधारण सभा उपस्थिति जनाइरहेका छौं र यसलाई हामी भोलिको दिनमा पनि निरन्तरता दिइनै रहने छौं ।

अब म सदस्यज्यूहरूलाई शेयर वृद्धि गर्न, नियमित कारोवार गर्न, नियमित बचत खातालाई निरन्तरता दिन र नियमित रुपमा संस्थामा स्थलगत भ्रमण गरिदिनुहुन आग्रह गर्दै संस्थाले आ.व. २०७४/०७५ मा हासिल गरेका सफलतालाई बुदाँगत रुपमा यस सभा समक्ष राख्ने अनुमति चाहन्छु ।

| आ.व. | शेयर पूँजी | बचत | ऋण | कुल सम्पत्ति |
|---|---|---|---|---|
| ०६५/०६६ | २२,५०,०००/- | ७४,७२,९३७/- | १०,३०,०००/- | ९२,००,५५९/- |
| ०६६/०६७ | ५२,८४,०००/- | ९,३१,३७,२९९/- | ८,४९,७९,६१६/- | १०,४१,७१,५११/- |
| ०६७/०६८ | ८८,८९,९००/- | १०,३५,५२,७४५/- | ९,३६,८५,१०४/- | ११,८१,२८,२८५/- |
| ०६८/०६९ | १,०७,२९,५००/- | ११,३२,७०,०२०/- | ९,१२,३३,५५५/- | १३,१९,९८,२०५/- |
| ०६९/०७० | १,२०,६७,९००/- | १४,४०,४५,८२७/- | १२,३३,६६,७१२/- | १६,७१,१०,९६७/- |
| ०७०/०७१ | १,४०,२४,१००/- | २४,००,२१,२११/- | १५,७८,५८,६७६/- | २६,७२,१५,२४३/- |
| ०७१/०७२ | १,५४,८४,८००/- | ३०,६७,०३,०५६/- | २२,८९,३९,३०५/- | ३३,८३,१६,८६८/- |
| ०७२/०७३ | २,०१,०५,१००/- | ४०,६९,५५,१३०/- | ३१,५३,५३,८२३/- | ४४,४९,५०,७१४/- |
| ०७३/०७४ | २,४९,६८,२००/- | ४५,६६,८५,९४१/- | ४०,३०,१६,२७१/- | ५१,३०,७३,८१३/- |
| ०७४/०७५ | ३०,०५४,९००/- | ५२,४६,९५,९७३/- | ४६,१९,४९,२३२/- | ६०,०३,७६,८५८/- |

## १. व्यवस्थापन

संस्थाको व्यवस्थापनमा कार्यकारी अध्यक्ष-१, प्रबन्धक-१, अधिकृत-२, सहायक अधिकृत-१, वरिष्ठ सहायक-५, सहायक-४, कनिष्ठ सहायक-४, सुरक्षाकर्मी-२, पियन-२ र चालक -१ समेत २३ जना दक्ष तथा अनुभवी पदाधिकारी एवं कर्मचारीहरू कार्यरत रहेका छौं ।

## २. शेयरपूँजी:

आ.व. २०७४/०७५ मा संस्थाको शेयरपूँजी रु. ३,००,५४,९०० (तिन करोड चौवन्न हजार नौ सय रुपैयाँ मात्र) पुगेको व्यहोरा आदरणीय शेयरधनी सदस्यहरू समक्ष अवगत

| क्र.सं. | शेयर कित्ता | सदस्य संख्या | शेयर पूँजी |
|---|---|---|---|
| १ | न्युनतम देखि ४९ सम्म | २०८ | रू. २,२०,५००/- |
| २ | ५० देखि ९९ सम्म | १२६३ | रू. ६०,७१,०००/- |
| ३ | १०० देखि ४९९ सम्म | ५५२ | रू. ९२,३८,७००/- |
| ४ | ५०० देखि ९९९ सम्म | १०७ | रू. ५७,७०,८००/- |
| ५ | १००० देखि माथि | ७३ | रू. ८७,५३,९००/- |
|  | जम्मा | २२०३ | रू. ३,००,५४,९००/- |

गराउन चाहन्छु । साथै हाल संस्थाको कुल कारोवारको अनुपातमा शेयर पूँजी कम भएको हुदाँ उपस्थित सम्पूर्ण सदस्य महानुभावहरुलाई यस आ.व.मा शेयर थप गरि दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

### ३. निक्षेप संकलन:

संस्थाको गत आ.व. २०७३/०७४ को कूल निक्षेप रु. ४५,६६,८५,९४१.७८ (पैतालीस करोड छैंसाठी लाख पचासी हजार नौ सय एकचालीस रुपैयाँ अठहतर पैसा मात्र) रहेकोमा आ.व. २०७४/०७५ मा संस्थाले लागू गरेको विभिन्न बचत योजना अन्तर्गत रु. ६,८०,१०,०३२.१४ (छ करोड असि लाख दश हजार बत्तिस रुपैया चौध पैसा मात्र) थप निक्षेप संकलन गरी रु. ५२,४६,९५,९७३.९२ (बाउन्न करोड छयालीस लाख पन्चान्नबे हजार नौ सय त्रिहत्तर रुपैयाँ बयान्नबे पैसा मात्र) पुऱ्याउन सफल भएका छौं ।

### ४. कर्जा सापटी तथा लगानी र असुली:

गत आ.व. २०७३/०७४ मा कर्जा लगानीमा रु. ४०,३०,१६,२७१.९२ (चालीस करोड तीस लाख सोह्र हजार दुई सय एकहत्तर रुपैया बयानब्बे पैसा मात्र) रहेकोमा आ.व. २०७४/०७५ को अन्त्य सम्ममा रु. ४६,१९,४९,२३२.३३ (छयालीस करोड उन्नाईस लाख उन्नपचास हजार दुई सय बत्तिस रुपैया तेत्तिस पैसा मात्र) कर्जा लगानीमा बाँकी रहेको व्यहोरा शेयरधनी सदस्यहरू माझ जानकारी गराउन चाहन्छौं ।

### ५. तरलता:

गत आ.व. २०७४/०७५ मा बैंक तथा नगद मौज्दात गरि रु. १०,१९,६५,८४०.२० (दश करोड उन्नाईस लाख पैंसठ्ठी हजार आठ सय चालिस रुपैया बिस पैसा मात्र) तरलता रहेको छ ।

### ६. आ.व. २०७४/०७५ को कूल आम्दानी र खर्च विवरण:

आम्दानी तर्फ संस्थाले आ.व. २०७४/०७५ मा कर्जा लगानीबाट व्याज रु. ६,२०,७५,२७१.१७ (छ करोड बिस लाख पचहत्तर हजार दुई सय एकहत्तर रुपैयाँ सत्र पैसा मात्र), प्रक्रियागत शुल्क लगायत अन्य विविध आम्दानी रु. ८४,०७,६०८.५४ (चौरासी लाख सात हजार छ सय आठ रुपैयाँ चौवन्न पैसा मात्र) गरी कूल रु. ७,०४,८२,८७९.७१ (सात करोड

चार लाख बयासी हजार आठ सय उन्नानअसी रुपैयाँ एकहत्तर पैसा मात्र) आम्दानी गरेको छ भने खर्च तर्फ गत आ.व. २०७४/०७५ मा विभिन्न बचतमा प्रदान गरिएको व्याज खर्च रु. ४,३५,२८,९१६.६३ (चार करोड पैत्तिस लाख अठ्ठाईस हजार नौ सय सो ह्र रुपैयाँ त्रिसाठ्ठी पैसा मात्र), प्रशासनिक खर्च रु. ६७,१३,५१८.१७ (सठसाठ्ठी लाख तेह्र हजार पाँच सय अठार रुपैयाँ सत्र पैसा मात्र), कर्मचारी खर्च रु. ९३,४३,१९२.५० (त्रियान्नबे लाख त्रिचालिस हजार एक सय बयान्नबे रुपैयाँ पचास पैसा मात्र), ह्रास कट्टी खर्च रु. १२,५४,८१३.९० (बाह्र लाख चौवन्न हजार आठ सय तेह्र रुपैयाँ नब्बे पैसा मात्र), संभावित कर्जा जोखिम कोष व्यवस्था तर्फ थप रु. ६,४२,४३८.६५ (छ लाख बयालीस हजार चार सय अठ्तीस रुपैयाँ पैसाठ्ठी पैसा मात्र) र कर्मचारी बोनस व्यवस्था रु ८,९९,९९९.९९ (आठ लाख उन्नानसय हजार नौ सय उन्नानसय रुपैया उन्नानसय पैसा मात्र) समेत गरी जम्मा रु. ६,२३,८२,८७९.८४ (छ करोड तेईस लाख बयासी हजार आठ सय उन्नाअस्सी रुपैयाँ चौरासी पैसा मात्र) खर्च भएको व्यहोरा समेत म शेयरधनी महानुभावहरू समक्ष अवगत गराउन चाहन्छु ।

### ७. नाफा नोक्सान हिसाबः

आ.व. २०७४/०७५ मा संस्थाको कूल आम्दानी रु. ७,०४,८२,८७९.७१ (सात करोड चार लाख बयासी हजार आठ सय उन्नानअसी रुपैयाँ एकहत्तर पैसा मात्र) रहेको छ भने गत आ.व.नै संस्थाको कुल खर्च रु. ६,२३,८२,८७९.८४ (छ करोड तेईस लाख बयासी हजार आठ सय उन्नाअस्सी रुपैयाँ चौरासी पैसा मात्र) हुन गएको छ । यसर्थ संस्थाले आ.व. २०७४/०७५ मा आयकर अघि रु. ८०,९९,९९९.८७ (असी लाख उन्नासय हजार नौ सय उन्नासय रुपैयाँ सतासी पैसा मात्र) मुनाफा आर्जन गरेको व्यहोरा म आदरणीय शेयरधनी सदस्य समक्ष राख्न चाहन्छु ।

### ८. कुल कारोवारः

संस्थाले आर्थिक वर्ष २०७४/०७५ अन्त्यसम्म कूल कारोवार रु. ६०,०३,७६,८५८.०३ (साठी करोड तिन लाख छयत्तर हजार आठ सय अन्ठाउन रुपैयाँ तिन पैसा मात्र) पुऱ्याउन सफल रहेको व्यहोरा शेयरधनी सदस्यहरू माझ सहर्ष जानकारी गराउन चाहन्छौं ।

### ९. संस्थाको गतिविधिहरूः

क) संस्थाले नवौं वार्षिक साधारण सभामा घोषणा गरेको विशेष प्याकेज कार्यक्रम अन्तर्गत चिठ्ठा मार्फत भाग्यशाली विजेता ८ जना सदस्यहरुलाई थाईल्याण्ड भ्रमणको अवसर प्रदान गरेको थियो । उक्त भ्रमणमा अन्य ईच्छुक सदस्यहरु ७ जना थप भई तथा सस्थाको तर्फबाट ३ जना समेत गरि कुल १८ जनाको भ्रमणमा सहभागिता थियो । यो भ्रमण सदस्यहरुका लागि हाल सम्मकै ठूलो अवसरको रुपमा रहेको थियो ।

ख) गत आ.व.मा पदाधिकारीहरू र कर्मचारीहरूको पून: ताजगीका लागि सहकारी अवलोकन भ्रमण अन्तर्गत कालिञ्चोक दोलखाको भ्रमण गरिएको थियो ।

ग) गत आ.व.मा संस्थालाई गतिशिल चुस्त र दुरुस्त बनाई राख्न संस्थामा आवद्ध संचालक तथा कर्मचारीहरुको व्यवसायिक क्षमता अभिबृद्धिको लागि विभिन्न

किसिमका व्यवसायिक तालिमहरुमा सहभागिता जनाईएको थियो ।

घ) संस्थाको दशौं वार्षिक उत्सवको उपलक्ष्यमा मिति २०७५ असार २ गते संस्थाको प्राङ्गनमा तेश्रो वृहत रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । जस्मा १०० जना सदस्यहरूले रक्तदान गर्नु भएको थियो ।

ङ) संस्थाको दशौं वार्षिक उत्सवको उपलक्ष्यमा खेलकुद क्षेत्रलाई प्रोत्साहित गर्ने उद्देश्यले मिति २०७५ असार २ गते "तेश्रो देव दर्शन कप ब्याडमिन्टन प्रतियोगिता"को फाईनल खेल संचालन गरिएको थियो । यस वर्ष जम्मा ३८ टिमको सहभागिता रहेको थियो ।

च) संस्थाको दशौं वार्षिक उत्सवको उपलक्ष्यमा मातातिर्थ वृद्धा आश्रममा रहेका आमाहरुलाई खाद्य सामग्री तथा भाडावर्तन वितरण गरिएको थियो ।

छ) विभिन्न मितिमा राष्ट्रिय सहकारी संघ, जिल्ला सहकारी संघ, नेफ्स्कून, कास्कून आदि संस्थाको वार्षिक उत्सव, वार्षिक साधारण सभा र अन्य गतिविधिहरूमा संस्थाको तर्फबाट सक्रिय सहभागिता रहेको थियो ।

## १०. नवौं वार्षिक साधारण सभाः

संस्थाको नवौं वार्षिक साधारण सभा मिति २०७४/०६/२८ गते भेहिकल एकेडेमी एण्ड रिर्सच सेन्टर प्रा.लि., गुर्जुधारा (जि.वि.स. मैदान)मा सु-सम्पन्न भएको थियो । उक्त साधारण सभामा प्रमुख अतिथिको रुपमा सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट माननीय मन्त्री श्री अम्बिका बस्नेतज्यूको उपस्थिति रहेको थियो साथै अन्य अतिथिज्यूहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिज्यूहरूको पनि उपस्थिति रहेको थियो । ११०० जना शेयर सदस्य महानुभावहरूले उक्त साधारण सभामा भाग लिनु भएको थियो । साथै संस्थाले उक्त साधारण सभामा उत्कृष्ट बचतकर्ता सदस्य, उत्कृष्ट कारोबारी सदस्य, उत्कृष्ट आवधीक बचतकर्ता सदस्य, उत्कृष्ट अवधि बचतकर्ता सदस्य, उत्कृष्ट वर्ष कर्मचारी(आन्तरीक/वाहृय) १/१ जना, S.L.C परिक्षामा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यहरूका एक छोरा/एक छोरी लाई प्रदान गरिदै आएको Devdarshan S.L.C Excellence Award लगायत समाजका विभिन्न क्षेत्रमा योगदान दिनुहुने ५ जना विशिष्ट व्यक्तिहरुलाई सम्मान पनि प्रदान गरिएको थियो । साथै संस्थाले पहिलो पटक सधारण सभामा उपस्थित सदस्यहरु मध्येबाट भाग्यशाली चिठ्ठा कार्यक्रम गरी ८ जना सदस्यहरुलाई थाईल्याण्डको भ्रमणको अवसर प्रदान गरिएको थियो । खुल्ला ठाउँ, अव्यवस्थित शौचालय तथा लामो कार्यक्रम तालिकाको कारणले सदस्यहरुबाट कार्यक्रम व्यवस्थापन प्रति गुनासो समेत आएको थियो । समग्रमा नवौं वार्षिक साधारण सभा कार्यक्रम सफल रुपमा सम्पन्न गरिएको थियो ।

## ११. राजस्वमा योगदानः

आ.व. २०७४/०७५ मा संस्थाले आन्तरिक राजस्व कार्यालय कलंकीमा विभिन्न (ब्याज कर, पारिश्रमिक कर, शेयर लाभांश कर, बैठक भत्ता कर, लेखा परिक्षण कर, सल्लाहकार भत्ता कर, श्रोतमा कर कट्टी र हल भाडा कर) राजस्व शिर्षकमा रु २७,९२,३१५.०० (सत्ताईस लाख बयानब्बे हजार तिन सय पन्ध्र रुपैया मात्र) दाखिला गरेको थियो ।

## १२. आ. ब. ०७५/०७६ को लागि लक्ष्य एवं बजेट :

**क. शेयर पूजी :**

संस्थाको कारोबार बृद्धि गर्न सदस्य संख्या बृद्धि संगै आ.ब. ०७५/०७६ सम्ममा रु. ४ करोड शेयर पूँजी पुऱ्याउने संस्थाको लक्ष्य रहेको छ।

**ख. निक्षेप संकलन :**

बिभिन्न प्रकारका निक्षेप संकलन एवं भुक्तानी गरी आ.ब. ०७५/०७६ को अन्त्य सम्ममा संस्थाको कुल बाँकी निक्षेप रु. ६५ करोड पुऱ्याउने लक्ष्य रहेको छ।

**ग. कर्जा लगानी :**

शेयर, बचत, साँवा र ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेतबाट आ.ब. ०७५/०७६ मा विभिन्न उद्देश्यका कर्जामा रु २० करोड लगानी गर्ने उद्देश्य राखिएको छ।

**घ. कर्जा असुली :**

सम्पूर्ण लगानी गरिएका पुराना कर्जा तथा आ. ब. ०७५/०७६ मा लगानी गरिने कर्जा समेतको असुली कार्य तालिका अनुसार रु. ८ करोड असुली गरि सोहि आ.ब. को अन्त्य सम्ममा लगानीमा बाँकी कर्जा रु. ५८ करोड हुने अनुमान गरिएको छ।

**ङ. कर्मचारी दरबन्दी :**

हाल संस्थामा कार्यरत कर्मचारीहरू सहित आ. व. ०७५/०७६ मा हुने अनुमानित कुल कारोबार बृद्धि अनुसार आवश्यक शाखाहरूमा कर्मचारीहरू थप गर्नुपर्ने अनुमान गरिएको छ।

**च. अनुमानित खर्च :**

आ. ब. ०७५/०७६ को लागि बचत तथा सापटीमा ब्याज खर्च तर्फ रु. ६ करोड ५० लाख ५० हजार, कर्मचारीहरूको तलब, भत्ता तथा अन्य सुबिधा आदिको लागि रु. ९८ लाखको व्यवस्था गरिएको छ। त्यस्तै कार्यालय संचालन खर्च तर्फ रु. ८० लाख र ह्रासकट्टी रु १० लाख गरी जम्मा रु. ८ करोड ३८ लाख ५० हजार अनुमानित खर्च व्यवस्था गरिएको छ।

**छ. अनुमानित आम्दानी :**

आ.ब. ०७५/०७६ मा कर्जा तथा सापट बाट ब्याज आम्दानी तर्फ रु. ८ करोड ३८ लाख ५० हजार अनुमान गरिएको छ। त्यसैगरी विविध आम्दानी तर्फ रु. १ करोड १० लाख गरी जम्मा अनुमानित आम्दानी रु. ९ करोड ४८ लाख ५० हजार हुने अनुमान गरिएको छ।

**ज. नाफा-नोक्सान स्थिति :**

उपरोक्त बमोजिम कुल अनुमानित आम्दानी रु. ९ करोड ४८ लाख ५० हजार बाट अनुमानित खर्च रकम रु. ८ करोड ३८ लाख ५० हजार कट्टा गर्दा अनुमानित नाफा रकम रु. १ करोड १० लाख रहन जाने देखिन्छ।

**झ. आ.ब. ०७५/०७६ को लागि अनुमानित सम्पत्ति बजेट :**

आ. ब. ०७५/०७६ मा संस्थाले सदस्यलाई थप सेवा प्रदान गर्ने उद्देश्यले प्रविधि तर्फ नयाँ कार्यक्रमहरु लागु गर्ने हुँदा अनुमानित रु १५ लाखको सम्पत्ति

बजेट बिनियोजन गरिएको छ ।

## १३. धन्यवाद ज्ञापन:

अन्तमा संस्थालाई निरन्तर रुपमा सहयोग गरी रहनु हुने हाम्रा आदरणीय शेयरधनी सदस्यहरूलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । त्यसैगरी संस्था संचालनका लागि मार्गदर्शकको रुपमा रहेको सहकारी विभाग काठमाडौं, चन्द्रागिरि न.पा. सहकारी शाखा, संचालक समितिका पदाधिकारीहरू, लेखा समितिका पदाधिकारीहरू, ऋण उपसमितिका पदाधिकारीहरु, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने व्यक्ति संघ संस्था एवं आ.व. २०७४/०७५ को लेखा परीक्षण प्रतिवेदन तयार गरी सहयोग पुऱ्याउनु हुने लेखा परीक्षक श्री हरिकृष्ण श्रेष्ठ (एच. के. श्रेष्ठ एण्ड कम्पनी) र नेपाल सरकारको सम्बन्धित निकाय समेतलाई सहयोगको लागि स-धन्यवाद हार्दिक आभार प्रकट गर्न चाहन्छु । भविष्यमा पनि सबै क्षेत्रबाट सहयोग पाउने अपेक्षा गरेको छु । संस्था संचालनमा हरतरहले सहयोग पुऱ्याउनु हुने संस्थाका प्रबन्धक, अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूलाई मेरो तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु । साथै आजको यस सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि, बिशेष अतिथि, अतिथि, शेयर सदस्य महानुभावहरू र विभिन्न मिडियाबाट उपस्थित पत्रकार मित्रहरूमा समेत हार्दिक कृतज्ञता प्रकट गर्दछु । अन्तमा लेखा परीक्षकद्वारा तयार पारिएको आ.व. २०७४/०७५ को लेखा परीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब लगायत अन्य वित्तिय विवरणहरू र संचालक समितिको तर्फबाट प्रस्तुत प्रस्तावहरू अनुमोदनको लागि शेयरधनी सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।　　　　जय सहकारी ॥　　　　२०७५।०९।१४ गते शनिबार ।

## देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को
## दशौं वार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट
## आ.व. २०७४/०७५ को

# वार्षिक प्रतिवेदन

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को दशौं वार्षिक साधारण सभाका सभापति ज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, संचालक समितिका सदस्यज्यूहरू, यस संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरू तथा अन्य आमन्त्रित सदस्यहरूमा यस संस्थाको दशौं वार्षिक साधारण सभाको अवसरमा हार्दिक स्वागत तथा सहकारी अभिवादन ।

**शेयर सदस्यमहानुभावहरू,**

यस संस्थाले जुन किसिमको वित्तिय सफलता हासिल गरेको छ, त्यसका लागि सम्पूर्ण शेयर सदस्यहरू, संचालक समिति, उपसमिति, व्यवस्थापनलाई हार्दिक बधाई दिदै यो क्रमलाई निरन्तरता दिन आवश्यक पर्ने कदमहरू चाल्न तथा पद्धति (System) लाई अझ बढि पछ्याउदै अगाडि बढ्नु पर्ने देखिन्छ । विगत दश वर्षमा जुन शाख सहित यस संस्थाले सेवा प्रदान गर्दै आईरहेको छ त्यसलाई कसरी भविष्यमा पनि निरन्तरता दिने त्यो सम्बधमा संस्थाका संचालक समिति स्पष्ट हुनु जरुरी छ ।

५२ करोड निक्षेप संकलन, ४६ करोड कर्जा लगानी बाँकी र ६० करोडको कुल सम्पत्ति सहित संस्था आजको जुन अवस्थामा छ यसलाई जोगाउने र निरन्तर वृद्धि गराउने जुन चुनौती छ त्यसको लागि आवश्यक तयारी सहित अगाडी वढ्नु पर्ने देखिन्छ । अब लेखा समितिको संयोजकको हैसियतले आगामी दिनहरूका लागि लेखा समितिको तर्फबाट केही सुझावहरू पनि दिन चाहन्छु ।

**लेखा समितिको सुझावहरू:**

क) सहकारीको मेरुदण्डको रुपमा रहेको नियमित बचत र शेयर पूँजीलाई बढाउने तथा संख्यात्मक भन्दा गुणात्मक सदस्य वृद्धिमा ध्यान दिनु पर्ने देखिन्छ ।

ख) नियमनकारी निकायबाट प्राप्त निर्देशन र सुझावहरूलाई पालना गर्नुपर्ने देखिन्छ ।

ग) नयाँ सहकारी ऐन लागू भएपछि संस्थाले सो ऐन संग नबाझिने गरी आफ्नो विनियम तथा नियमावलीहरू संशोधन गर्दै संस्था संचालन गर्नु पर्ने देखिन्छ ।

घ) सस्थाको बचतको तुलनामा शेयर पूँजी कम भएकोले तत्काल शेयर पूँजी वृद्धि गर्नुपर्ने देखिन्छ । शेयर पूँजी वृद्धिको लागि विभिन्न कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ ।

ङ) आ.व. २०७४/०७५को वित्तिय गतिविधिलाई अध्ययन गर्दा संस्थालाई फाइदा हुने तथा असुलि गर्न सहज हुनेगरी प्रयाप्त धितो सहितका ऋणहरूमा मात्र लगानी गर्नु उपयुक्त देखिन्छ। साथै संस्थाबाट प्रदान गरिने दान, चन्दा, आर्थिक सहयोग बढि दिएको देखिन्छ। यस्ता खर्चहरूलाई न्यूनिकरण गर्न सुझाब दिईन्छ।

च) संस्थामा देखिएको कारोबार बृद्धिलाई मध्यनजर गर्दा यस संस्थाको काउन्टर एउटै मात्र भएकोले तत्कालै थप सेवा काउन्टर बढाउन पर्ने देखिन्छ।

छ) संस्थाको वित्तिय कारोबारमा बृद्धि हुँदै गइरहेको अवस्थालाई मध्यनजर गरी लेखा प्रणालिलाई चुस्त, दुरुस्त र प्रभावकारी राख्नका लागि तत्काल आन्तरिक लेखा परिक्षकको व्यवस्था गर्नु पर्ने देखिन्छ।

ज) संस्थाले समिति, उपसमिति साथै कर्मचारीहरूलाई अझ बढि सक्रिय परिचालन हुनका लागि क्षमता अभिवृद्धि, सेमिनार, तालिम, क्षेत्र भ्रमण तथा अवलोकन आदिको व्यवस्था गर्नुपर्ने देखिन्छ।

अन्तमा यस समितिलाई आफ्नो काम सफलता पूर्वक सम्पन्न गर्न आवश्यक सहयोग प्रदान गर्नुहुने सहकारी विभाग, सहकारी सम्बन्धि संघहरू, संचालक समिति, ऋण उप समिति, सम्पूर्ण शेयर सदस्य महानुभावहरू, प्रबन्धक, अधिकृत तथा सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

धन्यवाद। जय सहकारी॥

**लेखा समिति**

| संयोजक: | सदस्य: | सदस्य: |
|---|---|---|
| **विमल विक्रम बानियाँ** | **माधव प्रसाद रेग्मी** | **बसन्त महर्जन** |

**H. K. Shrestha & Co.**
Cop. No.3062, Firm Registration No. 2798-Kha,
ICAN Member No. 3744
Registered Auditor- PAN 500204357

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**संचालक महानुभावहरू समक्ष**

## स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन

मैले यसै साथ संलग्न देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.को २०७५ आषाढ मसान्त सम्मको वासलात सो मितीमा समाप्त भएको आ.व.को नाफानोक्सान हिसाव र नगदप्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेको छु । वित्तीय विवरणहरु प्रतिको सम्पूर्ण उत्तरदायित्व व्यवस्थापनमा रहन्छ । व्यवस्थापनले तयार गरेका विवरणहरु उपर लेखापरीक्षणको आधारमा संलग्न आर्थिक विवरणहरु उपर अवधारण प्रस्तुत गर्नु मेरो उत्तरदायित्व हो ।

लेखा परीक्षणको सिलसिलामा मैले प्रचलित लेखामान र लेखापरीक्षणमानलाई मध्यनजर राखी उक्तकार्य सम्पन्न गरेका छु । लेखा परीक्षणको योजना तथा कार्य सम्पादनबाट हामीले लेखाको आवश्यक खाता, कागजपत्रहरु र सैद्धान्तिक लेखानितीको सहि व्यवस्थापन र पालना गरिएको छ छैन भन्ने अवधारण प्रस्तुत गरेका छौं । संस्थाको लेखा परीक्षण सम्पन्न गरि निम्नानुसार प्रतिवे दन पेश गरेको छु ।

१) मैले लेखा परीक्षणको शिलशिलामा आवश्यक ठानी सोधनी तथा कैफियत गरेका कुराहरुको जवाफ एवं स्पष्टीकरणका साथै आर्थिक विवरणहरु सन्तोषजनक पाएं ।

२) मेरो रायमा संस्थाले आफ्नो हिसाबकिताब तथा लेखा सम्बन्धि श्रेस्ताहरु सहकारी ऐन २०४८ वमोजिम राख्नुको साथै अन्य आवश्यक प्रक्रियागत ढंगले राखेको पाइएको छ ।

३) मेरो रायमा, हामीले जानेबुझे सम्म र हामीलाई उपलब्ध गराएका सुचनाहरु एवं स्पष्टीकरणको आधारमा संलग्न हिसाबले सोमा उल्लेखित टिप्पणीहरुको साथ अध्ययन गर्दा,

क. वासलातको सम्बन्धमा २०७५ आषाढ मसान्तसम्ममा संस्थाको आर्थिक अबस्थाको यथार्थ चित्रण गर्दछ ।

ख. यस प्रतिवेदनसंग संलग्न नाफानोक्सान हिसाब र नगदप्रवाह विवरणले उक्त अवधिमा भएको वचत तथा न्यून र नगदप्रवाहको यर्थाथ चित्रण गर्दछ ।

४) हाम्रो विचारमा हामीले जानेबुझे सम्म तथा हामीलाई उपलब्ध गराएको स्पष्टिकरण र हामीले लेखा परिक्षण गरेका आधारमा संस्थाको संचालक समिति वा संचालक समितिको कुनै सदस्य वा संस्थाको कुनै कर्मचारीले ऐन कानुन विपरित कार्य गरेको वा संस्थालाई हानी नोक्सानी हुने कार्य गरेको वा कुनै किसिमको आर्थिक हिनामिना गरेको वा नेपाल सरकार सहकारी विभागको निर्देशन विपरीत वा संस्था र निक्षेपकर्ताहरुको हित र सुरक्षामा आघात पर्ने कुनै काम गरेको हाम्रो जानकारीमा छैन ।

रजिर्ष्टड लेखापरीक्षक
हरिकृष्ण श्रेष्ठ
एच.के. श्रेष्ठ एण्ड कं

मिती : २०७५।०८।०६ गते
सहि गरेको ठेगाना : लाजिम्पाट, काठमाडौं

Address: Balkot-02, Bhaktapur Phone No. 4428507, 4005089, 9851047942
Mailing address: hari_krishna_shrestha@yahoo.co

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ**

**२०७५ आषाढ मसान्तमा स्थिति विवरण पत्र**

## (वासलात)

| पुंजि तथा दायित्व | अनुसुची | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|
| शेयर पूंजी | ५ | ३०,०५४,९००.०० | २४,९६८,२००.०० |
| जगेडा कोष | १ | ९,६४३,२९५.६८ | ६,९६०,६६६.८० |
| अन्य कोष | २ | ६,७५७,१७२.६५ | ५,९०३,०६१.४६ |
| सम्भावित कर्जा नोक्सानी व्यवस्था | २ | ४,९५२,४६८.०१ | ४,३१०,०२९.३६ |
| निक्षेप दायित्व | ६ | ५२४,६९५,९७३.९२ | ४५६,६८५,९४१.७८ |
| तिर्न बांकी ऋण तथा कर्जा सापटी | | - | - |
| अन्य दायित्व, भुक्तानी दिनुपर्ने हिसाब | ८ | २२,६५३,०४७.८० | १२,७६८,३७१.४० |
| आयकर व्यवस्था | ७ | १,६१९,९९९.९७ | १,४७७,५४२.९७ |
| **जम्मा** | | ६००,३७६,८५८.०३ | ५१३,०७३,८१३.७७ |
| | | | |
| **सम्पत्ती** | **अनुसुची** | **यस आ.व. रु.** | **गत आ.व. रु.** |
| नगद मौज्दात | ९ | ३,८२१,५९३.०० | ३,७०७,०६३.०० |
| बैक मौज्दात | १० | ९८,१४४,२४७.२० | ७४,१३६,५३८.४८ |
| सहकारी बैंक तथा संघमा लगानी | ११ | १,२३६,०००.०० | १,२३६,०००.०० |
| सदस्यहरुसंग बांकी ऋण | १२ | ४६१,९४९,२३२.३३ | ४०३,०१६,२७१.९२ |
| पेश्की, सापटी तथा धरौटी र पाउनु पर्ने हिसाब | १३ | १४,२४१,४५८.४४ | ८,७७७,०६७.४९ |
| स्थिर सम्पत्ती | ४ | २०,५५०,३३७.४७ | २१,६७८,८१०.३७ |
| अन्तिम सामग्री मौज्दात | १४ | ४३३,९८९.५९ | ५२२,०६२.५१ |
| **जम्मा** | | ६००,३७६,८५८.०३ | ५१३,०७३,८१३.७७ |

प्रमुख लेखा नीति तथा टिप्पणीहरू
१ देखि १४ सम्मका अनुसुचीहरू स्थिति विवरण पत्रका अभिन्न अंग हुन्।

२० हाम्रो सोही मितिको संलग्न प्रतिवेदन अनुसार

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिर्ष्टड लेखापरीक्षक |
|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैया घले** | **राम नारायण घिमिरे** | **हरि कृष्ण श्रेष्ठ** |
| | | | एच.के श्रेष्ठ एण्ड कं |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ

२०७४ साल श्रावण १ गतेदेखि २०७५ आषाढ मसान्तसम्मको

## आय विवरण

| विवरण | अनुसुची | यस आ.व. रु | गत आ.व. रु |
|---|---|---|---|
| व्याज आम्दानी | १५ | ६२,०७५,२७१.१७ | ५४,५५४,५७१.२६ |
| व्याज खर्च | १६ | (४३,५२८,९१६.६३) | (३९,९३८,८१८.८३) |
| **मोटामोटी वचत (नोक्सानी)** | | १८,५४६,३५४.५४ | १४,६१५,७५२.४३ |
| अन्य सञ्चालन आम्दानी | १७ | ८,४०७,६०८.५४ | ८,७६०,५०९.५४ |
| विविध आम्दानी | | - | - |
| **कुल सञ्चालन वचत(नोक्सानी)** | | २६,९५३,९६३.०८ | २३,३७६,२६१.९७ |
| कर्मचारी खर्च | १८ | (९,३४३,१९२.५०) | (७,६६४,५५१.६३) |
| अन्य सञ्चालन तथा प्रसासनिक खर्च | १९ | (६,७१३,५१८.१७) | (४,६३६,९२०.५६) |
| ह्रास खर्च | ४ | (१,२५४,८१३.९) | (१,२८७,१३४.१३) |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन वचत(नोक्सानी)** | | ९,६४२,४३८.५१ | ९,७८७,६५५.६५ |
| सम्भावित नोक्सानी व्यवस्था | | (६४२,४३८.६५) | (१,२९२,९५१.८३) |
| **सञ्चालन वचत(नोक्सानी)** | | ८,९९९,९९९.८७ | ८,४९४,७०३.८२ |
| गैर सञ्चालन आम्दानी (नोक्सानी) | | - | (२८६,१३१.७८) |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | - | - |
| **सम्पुर्ण कारोवार समावेस पछिको खुद मुनाफा** | | ८,९९९,९९९.८६ | ८,२०८,५७२.०४ |
| कर्मचारी बोनस तथा अन्य व्यवस्था | | (८९९,९९९.९९) | (८२०,८५७.२०) |
| **आयकर अधिको नाफा** | | ८,०९९,९९९.८७ | ७,३८७,७१४.८४ |
| आयकर व्यबस्था | ७ | (१,६१९,९९९.९७) | (१,४७७,५४२.९७) |
| यस वर्षको | | - | - |
| गत वर्षसम्मको | | - | - |
| स्थगन (डेर्फड) आयकर आम्दानी (खर्च) | | - | - |
| कर भुक्तानीमा तिरेको व्याज तथा जरिवाना | | - | - |
| **खुद वचत (घाटा)** | | ६,४७९,९९९.९ | ५,९१०,१७१.८७ |

नं. १५ देखि १९ सम्मका अनुसुचीहरू आय विवरणका अभिन्न अंग हुन् । हाम्रो सोही मितिको संलग्न प्रतिवेदन अनुसार

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिष्टर्ड लेखापरीक्षक |
|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैंया घले** | **राम नारायण घिमिरे** | **हरि कृष्ण श्रेष्ठ** |
| | | | एच.के श्रेष्ठ एण्ड कं |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौं

इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण २०७५

| विवरण | शेयर पुंजी | सञ्चित बचत (घाटा) | जगेडा कोष | पुनर्मुल्यांकन कोष | शेयर प्रिमियम | सटहि घटबढ | स्थगन कर | अन्य कोष | कूल रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| मौज्दात असाढ २०७४।०७५ | २४,९६८,२००.०० | - | ६,९६०,६६६.८० | - | - | - | - | १०,२१३,०९०.८२ | ४२,१४१,९५७.६२ |
| लेखा नीतिमा परिवर्तन | - | - | - | - | - | - | - | - | - |
| पुनर्स्थापित मौज्दात | २४,९६८,२००.०० | - | ६,९६०,६६६.८० | - | - | - | - | १०,२१३,०९०.८२ | ४२,१४१,९५७.६२ |
| समायोजन | - | - | - | - | - | - | - | - | - |
| सम्पति पुनर्मूल्यांकन बचत (घाटा) | - | - | - | - | - | - | - | - | - |
| आय विवरणमा समावेश नगरि एको नाफा (नोक्सान) | - | - | - | - | - | - | - | - | - |
| यस वर्षको खुद नाफा | - | ६,४७९,९९९.९ | - | - | - | - | - | - | ६,४७९,९९९.९ |
| लाभांश | - | (४,११७,०००.००) | - | - | - | - | - | - | (४,११७,०० |
| शेयर पूंजी थप | ५,०८६,७००.०० | - | - | - | - | - | - | - | ५,०८६,७००.०० |
| साधरण जगेडा कोष | - | (१,६१९,९९९.९७) | १,६१९,९९९.९७ | - | - | - | - | ५,७५९,९९९.९१ | ५,७५९,९९९.९१ |
| अन्य कोष | - | (१००,५६१.२७) | १,०६२,६२८.९० | - | - | - | - | (४,९०५,८८८.७२) | (३,९४३,८२१.०९) |
| मौज्दात असाढ २०७४।०७५ | ३०,०५४,९००.०० | ६४२,४३८.६५ | ९,६४३,२९५.६७ | - | - | - | - | ११,०६७,२०२.०१ | ५१,४०७,८३६.३३ |

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिर्ष्टड लेखापरीक्षक |
|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैया घले** | **राम नारायण घिमिरे** | **हरि कृष्ण श्रेष्ठ** |
| | | | एच.के श्रेष्ठ एण्ड कं |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौं

**२०७४ साल श्रावण १ गतेदेखि २०७५ आषाढ ३१ गते सम्म**

## नगद प्रवाह विवरण

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| **कार्यसिल पूंजी परिवर्तन अधिको सञ्चालन गतिविधीबाट नगद प्रवाह** | | |
| आयकर व्यवस्था अगाडीको नाफा | ८,०९९,९९९.८७ | ७,३८७,७१४.८४ |
| **आयकर तथा असाधारण आम्दानी खर्च अगाडीको खुद नाफा समायोजन** | | |
| जोड्ने (+) | | |
| स्थीर सम्पत्ती विक्रीमा नोक्सान | – | – |
| ह्रासकट्टी | १,२५४,८१३.९ | १,२८७,१३४.१३ |
| कर्मचारी बोनस कोष | ८९९,९९९.९९ | ८२०,८५७.२० |
| सम्भावित कर्जा नोक्सानी व्यवस्था | ६४२,४३८.६५ | १,२९२,९५१.८३ |
| घटाउने (- ) | | |
| स्थिर सम्पत्ति विक्रीमा नाफा | – | – |
| **कार्यसिल पूंजी परिवर्तन अधिको सञ्चालन नगद प्रवाह** | १०,८९७,२५२.४१ | १०,७८८,६५८.०० |
| १) चालू सम्पतीमा भएको कमी (बृद्धि) | ८८,०७२.९२ | (१४१,६२५.४४) |
| २) चालू दायित्वमा भएको वृद्धि (कमी) | ९,८८४,६७६.४० | ६,४१९,४०७.७८ |
| ३) पेश्की, सापटी तथा धरौटीमा भएको कमी (वृद्धि) | (५,४६४,३९०.९५) | (६,०९३,१६६.८८) |
| ४) कर भुक्तानी | (१,४७७,५४२.९७) | (६०७,३३६.५५) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | १३,९२८,०६७.८१ | १०,३६५,९३६.९१ |
| **ख. लगानी कारोबारको नगद प्रवाह** | | |
| स्थिर सम्पती (खरीद) विक्री | (१२६,३४१.००) | (१,३९५,७९७.००) |
| सम्पत्ती समायोजन | – | – |
| दीर्घकालिन लगानीबाट प्राप्त आम्दानी | – | – |
| लगानी | – | (२००,०००.००) |
| **लगानी कारोबारको कुल नगद प्रवाह (ख)** | (१२६,३४१.००) | (१,५९५,७९७.००) |
| **ग. वित्तिय कारोबारबाट नगद प्रवाह** | | |
| निक्षेपमा (कमी) वृद्धी | ६८,०१०,०३२.१४ | ४९,७३०,८१०.८४ |
| शेयर पूंजी (कमी) वृद्धी | ५,०८६,७००.०० | ४,८६३,१००.०० |
| ऋण तथा सापटी रकममा भएको (कमी) वृद्धी | (५८,९३२,९६०.४१) | (८७,६६२,४४८.६७) |
| अन्य कोषमा (कमी) वृद्धी | (४८४,३१६.४५) | (९२,५१३.३६) |
| लाभांस भुक्तानी | (३,३५८,९४३.३७) | (१,६९१,८९३.६९) |
| **वित्तिय कारोबारबाट कुल नगद प्रवाह (ग)** | १०,३२०,५११.९१ | (३४,८५२,९४४.८८) |
| **यस वर्षको सम्पूर्ण गतिविधीबाट नगद प्रवाह (क+ख+ग)** | २४,१२२,२३८.७२ | (२६,०८२,८०४.९८) |
| नगद तथा बैकमा रहेको शुरु मौज्दात | ७७,८४३,६०१.४८ | १०३,९२६,४०६.४६ |
| **नगद तथा बैकमा रहेको अन्तिम मौज्दात** | १०१,९६५,८४०.२० | ७७,८४३,६०१.४८ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ

## २०७५ आषाढ मसान्तसम्मको लेखासंग सम्बन्धीत अनुसूचीहरू

### जगेडा कोष

अनुसूची १

| विवरण | नाफाबाट बांडफांड | यसवर्ष जम्मा थपघट | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|---|
| जगेडा कोष | १,६१९,९९९.९८ | १,०६२,६२८.९० | ९,६४३,२९५.६८ | ६,९६०,६६६.८० |
| **जम्मा** | १,६१९,९९९.९८ | १,०६२,६२८.९० | ९,६४३,२९५.६८ | ६,९६०,६६६.८० |

### अन्य कोष

अनुसूची २

| विवरण | नाफाबाट बांडफांड | यसवर्ष जम्मा थपघट | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|---|
| शेयर लाभांश कोष | ४,११७,०००.०० | (३,३५८,९४३.३७) | ४,१२८,०५६.६३ | ३,३७०,०००.०० |
| संरक्षित पूंजि फिर्ताकोष | १३०,०००.०० | (२००,०००.००) | १३०,०००.०० | २००,०००.०० |
| कर्मचारी बोनस कोष | ८९९,९९९.९९ | (८१९,७१६.४५) | ९०२,८५१.२३ | ८२२,५६७.६९ |
| सहकारी विकाश कोष | ८२,९९९.९२ | (१६२,६२८.९०) | ८२,९९९.९२ | १६२,६२८.९० |
| सहकारी शिक्षा तथा तालिम कोष | १५०,०००.०० | (२००,०००.००) | १५०,०००.०० | २००,०००.०० |
| सहकारी संस्था स्थिरीकरण कोष | १५०,०००.०० | (१५०,०००.००) | १५०,०००.०० | १५०,०००.०० |
| घाटा पूर्तिकोष | १५०,०००.०० | (२००,०००.००) | १५०,०००.०० | २००,०००.०० |
| डुबन्त ऋण कोष | ८०,०००.०० | (१५०,०००.००) | ८०,०००.०० | १५०,०००.०० |
| सदस्य हित कोष | - | ३३५,४००.०० | ९८३,२६४.८७ | ६४७,८६४.८७ |
| **जम्मा** | ५,७५९,९९९.९१ | (४,९०५,८८८.७२) | ६,७५७,१७२.६५ | ५,९०३,०६१.४६ |
| जोखिम बेर्होर्ने कोष | ६४२,४३८.६५ | - | ४,९५२,४६८.०१ | ४,३१०,०२९.३६ |
|  | ६४२,४३८.६५ | - | ४,९५२,४६८.०१ | ४,३१०,०२९.३६ |

## तिर्न बांकी ऋण तथा कर्जा सापटी

अनुसूची ३

| विवरण | यस आ.व. रु. | | गत आ.व. रु. | |
|---|---|---|---|---|
| | भाका नाघेको | भाका ननाघेको | भाका नाघेको | भाका ननाघेको |
| क वर्गका वाणिज्य बैाक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | - | - | - | - |
| ख वर्गका विकास बैाक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | - | - | - | - |
| ग वर्गका बौंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | - | - | - | - |
| घ वर्गका बैाक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | - | - | - | - |
| राष्ट्रिय सहकारी बैंकबाट लिएको ऋण रकम | - | - | - | - |
| अन्य सहकारी तथा वित्तिय संधबाट लिएको ऋण रकम | - | - | - | - |
| **जम्मा** | - | - | - | - |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ

## २०७५ आषाढ मसान्तसम्मको लेखासंग सम्बन्धीत अनुसूचीहरू

### शेयर पूँजी

अनुसूची ५

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| गत आ.व सम्मको शेयर पूंजि | २४,९६८,२००.०० | २०,१०५,१००.०० |
| यस आ. व. मा थप शेयर रकम | ५,५५२,०००.०० | ५,३१३,१००.०० |
| यस आ.वमा फिर्ता शेयर रकम | (४६५,३००.००) | (४५०,०००.००) |
| **कुल शेयर पूँजी** | ३०,०५४,९००.०० | २४,९६८,२००.०० |

### निक्षेप दायित्व

अनुसूची ६

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| नियमित बचत | १२,३०८,७७१.२५ | ७,२५१,०३५.४२ |
| साधारण बचत | ६१,९८९,६४६.२६ | ६७,२४२,३०१.७९ |
| सदस्य सेवा बचत | ४,८३७,९११.२४ | ३,३६३,३९४.८७ |
| बाल शैक्षिक बचत | २४,१५१,६२६.७० | २२,६०४,६०९.१५ |
| सुनौलो बचत | ३१,७०१,३२५.२५ | ४०,६४२,५६८.४१ |
| देवदर्शन बिशेष बचत | ८,१८,२१,६५२.७० | ७८,१८५,०३६.९० |
| नारी उत्थान बचत | ६३७,७४३.०६ | ८५९,९०७.३१ |
| देवदर्शन पेन्सन बचत (३ वर्षे) | ६९,६९२,०००.०० | ८५,६०३,०००.०० |
| लघु बोनस अवधि | ६२४,६६६.२८ | ३४२,८६२.०४ |
| संचयकोष बचत | ९६,११९.८२ | ८३,४६६.२२ |
| कल डिपोजिट | ४५,४५५,०५३.३० | ३८,३५२,६५१.०७ |
| चालू (कर्जा संकलन) | २,२२२,०४७.१६ | ५,००६,३०७.३९ |
| आवधिक बचत | १७३,१००,२१८.०० | ९१,०३२,०५५.०० |
| अवधि बचत | १३,६३५,०३०.१९ | ११,९१३,८९१.४४ |
| बोनस अवधि बचत | २,४०२,७७४.५८ | ४,१८९,२०१.५७ |
| नागरिक लगानी कोष | १९,३८८.१३ | १३,६५३.२० |
| **जम्मा** | ५२४,६९५,९७३.९२ | ४५६,६८५,९४१.७८ |

## आयकर ब्यवस्था

अनुसूची ७

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| आयकर व्यवस्था | १,६१९,९९९.९७ | १,४७७,५४२.९७ |
| जम्मा | १,६१९,९९९.९७ | १,४७७,५४२.९७ |

## अन्य दायित्व हिसाब तथा ब्यवस्था

अनुसूची ८

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| भुक्तान बांकी ब्याज | ७,१५८,३४५.४२ | ४,३२६,५९९.६६ |
| प्रभू म्यानेजमेन्ट प्रा. लि. | (४५४,६४६.००) | २१,०२५.०० |
| आई एम इ | - | (१६,४९०.००) |
| लेखापरीक्षण शुल्क | ७५,०००.०० | ७५,०००.०० |
| कर्मचारी विदा कोष | ३४०,७८७.०२ | ३४०,७८७.०२ |
| उपदान कोष | १,०३८,८११.४१ | ८२०,१९१.४१ |
| व्याज मुल्तवी | १३,४४०,६७४.४५ | ६,५१४,५१५.२५ |
| व्याज कर | ६२३,१९५.४१ | ५५८,७६२.५९ |
| धरौटी | ६,०००.०० | ५,५००.०० |
| भुक्तान बांकी सामाजिक सुरक्षाकर | - | १२१,२५०.४७ |
| भुक्तान बांकी करकट्टी | ३१५,३८०.०९ | १,२३०.०० |
| अन्य दायित्व (ड्रिम ब्यानक्वेट प्रा.लि.) | ९५,८५७.५० | - |
| अन्य दायित्व (ड्रिम ब्यानक्वेट प्रा.लि.टि.डि.एस) | १३,६४२.५० | - |
| जम्मा | २२,६५३,०४७.८० | १२,७६८,३७१.४० |

## नगद मौज्दात

अनुसूची ९

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| नगद मौज्दात | ३,८२१,५९३.०० | ३,७०७,०६३.०० |
| जम्मा | ३,८२१,५९३.०० | ३,७०७,०६३.०० |

## बैंक मौज्दात

अनुसूची १०

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| **क वर्गका वाणिज्य बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| नेपाल क्रेडिट एण्ड कर्मस बैंक लि. | ८,८५२,६६१.३५ | ११,९८३,३३६.०८ |
| एभरेष्ट बैंक लि. | ८,९९८,३१७.५४ | ७,५८०,२७२.१५ |
| सिर्द्धाथ बैंक लि. | १०,५४०,८४४.५३ | १०,४९९,३३०.२३ |
| ग्लोबल आइ एम इ बैंक लि. | ५५,७५३,६७२.६६ | २४,६०२,६५४.४९ |
| प्रभु बैंक लि. | ५,७०८,२६९.२४ | – |
| **ख वर्गका विकास बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| राष्ट्रिय सहकारी बैंक लि. | १,९०४,९२३.७१ | १०,४५५,०२५.४० |
| **ग वर्गका बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| **घ वर्गका बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| नेफ्स्कून | ५,३८१,३२९.९९ | ७,९२७,५६६.१८ |
| नेफ्स्कून (नियमित) | ४७,४५६.८७ | ३३,०३६.२३ |
| कास्कून | ६१६,४६८.८८ | ५४२,८३८.६९ |
| कास्कून (नियमित) | १३,२८४.३८ | १२,४७९.०३ |
| आइ एम इ को अपरेटिभ | ३२७,०१८.०५ | ५००,०००.०० |
| **जम्मा** | ९८,१४४,२४७.२० | ७४,१३६,५३८.४८ |

## व्यवसायिक लगानी

अनुसूची ११

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लि. | १०,०००.०० | १०,०००.०० |
| नेफ्स्कून | ११,०००.०० | ११,०००.०० |
| जिल्ला सहकारी संघ लि. | ५,०००.०० | ५,०००.०० |
| उपकार चाउचाउ | १,०००,०००.०० | १,०००,०००.०० |
| कास्कून | १०,०००.०० | १०,०००.०० |
| अन्य | २००,०००.०० | २००,०००.०० |
| **जम्मा** | १,२३६,०००.०० | १,२३६,०००.०० |

## सदस्यहरुसंग बाँकी ऋण

अनुसूची १२

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| घरायसी कर्जा | १९,८१९,६१९.१६ | १४,३१७,८७८.१६ |
| लघु कर्जा (सा.ज.) | ३८,०८७,७९१.७९ | ३५,८३७,१७१.७९ |
| हायर पर्चेज कर्जा | ४८,४६०,४५६.९९ | ४५,०६१,०५२.८७ |
| मुद्दती रसीद धितो कर्जा | ४,२६३,९६५.०० | ६,८९८,४२४.२१ |
| छोटो अवधि कर्जा | ३४,७६५,९३१.७८ | ३८,८०९,५५२.५९ |
| लघू कर्जा | १६,४७८,८५३.०८ | १७,४२०,१३३.९७ |
| व्यवसायिक धितो कर्जा | ३००,०७२,६१४.५३ | २४४,६७२,०५८.३३ |
| **जम्मा** | ४६१,९४९,२३२.३३ | ४०३,०१६,२७१.९२ |

## पेश्की सापटी तथा धरौटी र पाउनु पर्ने हिसाब

अनुसूची १३

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| प्रशासनिक पेश्की | ७४,६१४.०० | ४११,८६४.०० |
| कर्मचारी पेश्की | ६५,५००.०० | ७१,०००.०० |
| पाउनुपर्ने ब्याज | १३,४४०,६७४.४५ | ६,५१४,५१५.२५ |
| अन्य पेश्की | १२१,०००.०० | ११४,०३४.०० |
| प्रभू म्यानेजमेन्ट प्रा. लि. (धरौटी) | १००,०००.०० | १००,०००.०० |
| अग्रीम भुक्तानी हिसाब | ४२९,७६९.९९ | १,५५५,७५४.२४ |
| धरौटी | ९००.०० | ९००.०० |
| धरौटी टेलिफोन | ९,०००.०० | ९,०००.०० |
| **जम्मा** | १४,२४१,४५८.४४ | ८,७७७,०६७.४९ |

## अन्तिम सामाग्री मौज्दात

अनुसूची १४

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| फूटकर टिकाउ | ६३,२५४.४० | ५७,२०४.४० |
| मसलन्द मौज्दात | ३७०,७३५.१९ | ४६४,८५८.११ |
| **जम्मा** | ४३३,९८९.५९ | ५२२,०६२.५१ |

## ब्याज आम्दानी

अनुसूची १५

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| व्याज आम्दानी (ऋण) | | |
| आवधिक रसिद धितो कर्जा | ७३६,४५०.९४ | १,०७३,७३६.३५ |
| हायर पर्चेज कर्जा | ४,५८५,४७२.५६ | ३,९३९,१०७.२३ |
| व्यवसायिक धितो कर्जा | ४०,८६०,४११.३४ | ३२,२८६,९९०.९९ |
| घरायसी कर्जा | २,७२२,३३०.२२ | २,२४८,२४७.१६ |
| छोटो अवधि कर्जा | ४,०६३,०५९.६१ | ३,१०६,३५३.७१ |
| लघू कर्जा (सा.ज.) | ५,९०४,८१७.९९ | ६,८३९,१३०.६१ |
| लघू कर्जा | ८५९,४४३.९८ | १,८२६,७७०.०३ |
| व्याज आम्दानी (बैक) | २,३४३,२८४.५३ | ३,२३४,२३५.१८ |
| **जम्मा** | ६२,०७५,२७१.१७ | ५४,५५४,५७१.२६ |

## ब्याज खर्च

अनुसूची १६

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| आवधिक बचत व्याज खर्च | १४,८३२,६६२.१५ | ९,३३१,१४२.४२ |
| नियमित अवधि बचत व्याज खर्च | १,०२५,५६३.२८ | ७१५,३३२.८१ |
| नागरिक लगानी कोष व्याज खर्च | १२,३०६.१६ | ९,५७८.०६ |
| साधारण बचत व्याज खर्च | ४,६१२,१७६.८५ | ४,७८२,४७७.१६ |
| सदस्य सेवा बचत व्याज खर्च | ३७,६५६.०४ | १३,३६९.२६ |
| देवदर्शन विशेष बचत व्याज खर्च | ४,५२७,०२८.५३ | ३,९१२,८५४.९२ |
| कल डिपोजिट व्याज खर्च | १,७६४,९३६.४८ | १,९५४,१९६.४० |
| बाल शैक्षिक बचत व्याज खर्च | २,५९६,५९५.११ | २,१३६,९११.७५ |
| देवदर्शन पेन्सन बचत | ९,९७०,६३५.३७ | १३,०५०,२८३.०४ |
| नारी उत्थान बचत व्याज खर्च | ७४,४५९.२१ | ६८,२८४.३४ |
| संचयकोष बचत ब्याज खर्च | १९,५७०.१४ | २०,७३५.४० |
| लघु बोनस अवधि बचत व्याज खर्च | २९,९१३.८४ | २३,५५६.४८ |
| सुनौलो बचत | २,६२७,३०५.०९ | २,६६५,९००.६४ |
| अवधि बचत | १,१२०,७२८.३८ | ९५६,२७७.९६ |
| बोनस अवधि बचत | २७७,३८०.०० | २९७,९१८.१९ |
| **जम्मा** | ४३,५२८,९१६.६३ | ३९,९३८,८१८.८३ |

## अन्य संचालन आम्दानी

अनुसूची १७

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| प्रकृयागत शुल्क | ३,३४५,०००.०० | ४,४४८,९२३.०० |
| कर्जा फाराम शुल्क | २४,३००.०० | ३५,७००.०० |
| सदस्य शुल्क | ४६,८००.०० | ३९,७००.०० |
| खाता बन्द शुल्क | १३,४६५.३३ | १३,०६१.५३ |
| फिल्ड निरीक्षण शुल्क | ४३,९००.०० | ४८,७००.०० |
| कर्जा नविकरण | ३,५५०,४२०.८५ | २,६००,१८९.८७ |
| व्यवसाय मुल्यांकन शुल्क | १८६,०००.०० | २१९,२००.०० |
| धितो मुल्यांकन शुल्क | ४८०,८५०.०० | ६३८,८००.०० |
| अग्रीम भुक्तान | ११,५००.०० | १०,८००.०० |
| शेयर लाभांश आम्दानी | ३,९०४.०० | २,३४२.५२ |
| व्यवस्थापकिय शूल्क | ३६९,२५०.०० | ५२५,९००.०० |
| विविध आम्दानी | ३३२,२१८.३६ | १६१,१६७.६२ |
| घरभाडा आम्दानी | - | १६,०२५.०० |
| **जम्मा** | ८,४०७,६०८.५४ | ८,७६०,५०९.५४ |

## कर्मचारी खर्च

अनुसूची १८

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| तलब तथा भत्ता | ७,८६१,८६८.०१ | ६,३५२,००९.९३ |
| दशैं खर्च | ४९१,४८०.०० | ३९२,३१२.०० |
| कर्मचारी विदा | १,९८०.४९ | १०१,९५३.३० |
| कर्मचारी औषधी उपचार | ४८२,४४०.०० | ४००,५६२.०० |
| कर्मचारी संचयकोष | ५०५,४२४.०० | ४०१,२१४.४० |
| कर्मचारी प्रोत्साहन | - | १६,५००.०० |
| **जम्मा** | ९,३४३,१९२.५० | ७,६६४,५५१.६३ |

## प्रशासनिक खर्च

अनुसूची १९

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| सहकारी वार्षिकोत्सव खर्च | २६४,२०३.०० | १११,०१४.०० |
| बिद्यूत तथा पानी महसुल | ११८,०००.०० | २०३,५१६.०० |
| मर्मत संभार खर्च | १०२,६५८.७५ | ११७,८४५.०० |
| विमा खर्च | ८८,६९८.०० | १०२,२४३.०० |
| टेलिफोन, इमेल, हूलाक महसूल | ६८,४७४.०० | ५९,२१५.०० |
| मसलन्द तथा छपाइ खर्च | २७४,६४३.९२ | १५५,५६१.१५ |
| सवारी इन्धन खर्च | ३७८,४७१.०० | ३२९,४५८.०० |
| अतिथि सत्कार खर्च | ४१,९८४.०० | – |
| कार्यालय चियापान तथा खाजा खर्च | १९,२८६.०० | १३०,०२८.०० |
| सरसफाइ खर्च | २०,३१७.०० | १६,५४४.०० |
| शूल्क, दस्तुर तथा नविकरण खर्च | ३४,६९७.५० | ३५,७४०.०० |
| आर्थिक सहयोग खर्च | ५५,९००.०० | ४६,९१८.०० |
| कर्मचारी उपदान खर्च | २१८,६२०.०० | १७४,४८१.०० |
| कर्मचारी तालीम खर्च | २९,०४०.०० | ७,०२०.०० |
| लेखापरीक्षण शुल्क | ७५,०००.०० | ७५,०००.०० |
| कार्यालय पोशाक खर्च | २५२,०००.०० | ६७,१२०.०० |
| पत्रपत्रिका खर्च | १०,६००.०० | ४,७००.०० |
| वार्षिक साधारणसभा खर्च | २,९४४,८११.०० | १,९२१,३४५.०० |
| बैठक भत्ता | ७२७,५००.०० | १२५,०००.०० |
| क्यालेण्डर छपाइ तथा वितरण खर्च | ३५६,९६०.०० | २७१,२००.०० |
| विविध उत्सव तथा समारोह | ४४७,५०७.०० | २९८,९०३.०० |
| सल्लाहकार भत्ता | ९८,४००.०० | ९८,४००.०० |
| निर्वाचन भत्ता | – | ७०,०००.०० |
| विविध खर्च | ८५,७४७.०० | १९८,३६९.४१ |
| व्यवसायिक प्रर्वधन खर्च | – | १७,३००.०० |
| **जम्मा** | ६,७१३,५१८.१७ | ४,६३६,९२०.५६ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. -५, दाउरा डिपो, काठमाडौं

## अचल सम्पत्तिको विवरण

अनूसुची ४

| विवरण | सुरु मौज्दात | थप खरीद जम्मा | बिक्री समायोजन | ह्रासयोग्य सम्पत्ति | ह्रासकट्टी दर | गत वर्षसम्मको ह्रासकट्टी | यस वर्षको ह्रासकट्टी | जम्मा ह्रासकट्टी | पूंजिकरण गरिएको सम्पत्ति मुल्य | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **ह्रासकट्टी नहुने सम्पत्ती** | | | | | | | | | | |
| जग्गा | ४,७२८,२८४.०० | - | - | ४,७२८,२८४.०० | | - | - | - | - | ४,७२८,२८४.०० |
| **समूह-क** | | | | | ५% | | | | | |
| भवन तथा निर्माण | १४,७४८,१३८.४२ | - | - | १४,७४८,१३८.४२ | | ७७६,२१७.८१ | ७३७,४०६.९२ | १,५१३,६२४.७३ | - | १४,०१०,७३१.५० |
| **समूह-ख** | | | | | २५% | | | | | |
| काठ तथा धातु फर्निचर | १६०,१८३.२८ | - | - | १६०,१८३.२८ | (WDV) | ३८८,६६६.१२ | ४०,०४५.८२ | ४२८,७११.९४ | - | १२०,१३७.४६ |
| कम्प्युटर तथा एक्सेसरिज | २३७,५००.४६ | - | - | २३७,५००.४६ | | ३५४,५६०.३७ | ५९,३७५.१२ | ४१३,९३५.४९ | - | १७८,१२५.३४ |
| कार्यालय पार्टिशन | २२८,२१९.२९ | - | - | २२८,२१९.२९ | | ६३२,०६४.१६ | ५७,०५४.८३ | ६८९,११८.९९ | - | १७१,१६४.४६ |
| कार्यालय सामान | ३१८,६९१.७८ | ६५,३२१.०० | - | ३८४,०१२.७८ | | २९६,६३६.६३ | ९२,६९४.८७ | ३८९,३३१.५० | - | २९१,३१७.९१ |
| **समूह-ग** | | | | | २०% | | | | | |
| मोटरसाइकल ५८४८ | ५६,२०१.४९ | - | - | ५६,२०१.४९ | (WDV) | ९७,७४८.८८ | ११,२४०.३० | १०८,९८९.१८ | - | ४४,९६१.१९ |
| - | - | - | - | - | | - | - | - | - | - |
| - | - | - | - | - | | - | - | - | - | - |
| - | - | - | - | - | | - | - | - | - | - |
| मारुती भ्यान | १,१७३,१३७.३३ | - | - | १,१७३,१३७.३३ | | १८०,४८२.६७ | २३४,६२७.४६ | ४१५,११०.१३ | - | ९३८,५०९.८७ |
| **समूह-घ** | | - | | | १५% | | | | | |
| सोलार | - | | - | - | (WDV) | - | - | - | - | - |
| **समूह-ङ** | | | | | २५% | | | | | |
| सफ्टवेयर | २८,४५४.३२ | ६१,०२०.०० | - | ८९,४७४.३२ | (WDV) | ७८,८०५.५८ | २२,३६८.५८ | १०१,१७४.१६ | - | ६७,१०५.७४ |
| **जम्मा** | २१,६७८,८१०.३७ | १२६,३४१.०० | - | २१,८०५,१५१.३७ | | २,८०५,१८२.२२ | १,२५४,८१३.९ | ४,०५९,९९६.११ | - | २०,५५०,३३७.४७ |

| ................................ | ................................ | ................................ | ................................ |
|---|---|---|---|
| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिर्ष्टड लेखापरीक्षक |
| **प्रविण सिलवाल** | **बेली मैंया घले** | **राम नारायण घिमिरे** | **हरि कृष्ण श्रेष्ठ** |
| | | | एच.के श्रेष्ठ एण्ड कं |

# देव दर्शन बचत तथा ऋृण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा-५, दाउरा डिपो, काठमाडौ**

**आर्थिक वर्ष २०७४।२०७५ को**

## लेखा नीति तथा तत्सम्बन्धि टिप्पणीहरू

**अनुसुची २०**

## प्रमुख लेखा नीतिहरू

### संस्था सम्बन्धि सामान्य जानकारी

यस देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन २०४८ अर्न्तगत सहकारी डिभिजन कार्यालय, काठमाडौं दर्ता भएको संस्था हो । यस संस्थाको कार्यालय चन्द्रागिरि न.पा ०५, दाउराडिपो, काठमाडौंमा रहेको छ । यस संस्था आयकरमा २०६६।०३।३० मा दर्ता भएको हो र यसको पान दर्ता नं ३०३७४३८७५ रहेको छ। यस संस्थाको कार्य क्षेत्र साविकको थानकोट गा.वि.स, महादेवस्थान गा.वि.स, मातातिर्थ गा.वि.स, बलम्बु गा.वि.स भरि रहेको छ ।

### वित्तिय विवरण सम्बन्धि जानकारी

वित्तिय विवरणहरू अन्यथा उल्लेख गरिएका बाहेक ऐतिहासिक लागत अवधारणा, सामान्य रुपमा स्वीकार्य तथा लेखाका सर्वमान्य सिद्धान्त र सहकारी ऐन २०४८ को नीति निर्देशन जारी लेखामान सिद्धान्त बमोजिम अनुसार तयार पारिएका छन् । यस संस्थाले अपनाएका प्रमुख लेखानीतिहरू निम्नानूसार छन् ।

### १. ब्याज गणना गर्नेतरिका

- ब्याज दिनूपर्ने निक्षेप खाताहरूमा ब्याज दिंदा र कर्जा सापटीमा ब्याज लिंदा ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गरिएको छ ।
- कर्जा सापटीको ब्याज असूलीको आधारमा आम्दानी जनाउने गरिएको छ ।
- निक्षेप तर्फ दिईने ब्याज सम्झौता तथा करारमा उल्लेख भए अनूसार ब्याज खर्च गरिएको छ ।
- कर्जा सापटीको ब्याज आम्दानीलाई (Accural Basis)को आधारमा जनाउने गरिएको छ ।

## २. स्थिर सम्पत्ति तथा ह्रास कट्टी

- स्थिर सम्पत्तिहरू ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) मा देखाएको छ ।
- यस स्थिर सम्पत्तिहरूको ह्रास कट्टी घट्दो दर प्रणाली (Diminishing Balance Method)को आधारमा आयकर ऐन २०५८ को अनुसूचि २ ले निर्दिष्ट गरेको नीति नियमको आधारमा गरिएको छ ।

## ३. कर्जा नोक्सानी व्यवस्था कोष

गत आ.व.को जोखिम बेहोर्ने कोष रु ४३,१०,०२९।३६ मा यस आ.व रु ६४२,४३८।४५थप समावेश गरि रु ४९,५२,४६८।०१ कोषको व्यवस्था गरिएको छ ।

## ४. आयकर व्यवस्था

यस आ.व.मा आयकर ऐन तथा नियमावली बमोजिम संस्थाको कर योग्य आय रु ८०,९९,९९९।८७ मा २० प्रतिशत रु १६,१९,९९९।९७ आयकर व्यवस्था गरिएको छ ।

## ५. लेखा विवरणको प्रस्तुति

लेखा विवरण ऐतिहासिक लागत अवधारणा, सामान्य रुपमा स्वीकार्य प्रचलन रहेका लेखा पद्धति, सहकारी ऐन तथा नितिनिर्देशन तथा नेपाल चार्टर्ड एकाउटेण्टस् संस्थाबाट जारी लेखामान सिद्धान्त बमोजिमको ढांचामा तयार गरिएका छन् ।

## ६. लगानी

विभिन्न संघ संस्थाको प्राथमिक शेयर लगानीलाई परल मोलको आधारमा लेखांकन गरिएको छ । सहकारी मापदण्ड २०६८ अन्तर्गत सहकारी संस्थाले अन्य कम्पनी तथा संस्थाहरूमा लगानी गर्न नपाइनेमा मापदण्ड जारी हुनु अघि उपकार चाउचाउमा लगानी रहेको रु १,०००,०००।०० हालसम्म कायम नै रहेको छ ।

## ७. कोषको वितरण

गत आ.व.मा बांडफांड गरिएको केहि कोषहरूबाट रकम वितरण गरि बांकी रहेको रकम पुनः जगेडाकोषमा जम्मा गरेको छ । वितरण गरिएको कोषहरूको विवरण निम्नानुसार छ :

| विवरण | यसवर्ष वितरण |
|---|---|
| शेयर लाभांशकोष | ३३,५८,९४३.३७ |
| कर्मचारी बोनस कोष | ८,१९,७१६.४५ |

## ८. शेयर सदस्य संख्या

प्रस्तुत संस्थाको शेयर सदस्य संख्याहरूमा महिला तथा पुरुष गरी जम्मा २२०३ जना सदस्य रहेको छ, जस मध्ये १२७६ पुरुष र ९२७ महिला रहेको छ।

## ९. मौज्दात

संस्थाले खरदि गरेको स्टेशनरी तथा अन्य खपतहुने सामग्रीहरू आवश्यकता अनुरुप एकमुष्ठ रुपमा खरीद गरि खपतको आधारमा खर्च जनाइ बांकी रहेको मौज्दातमा उल्लेख गरिएको छ।

# लेखा सम्बन्धि टिप्पणीहरू

## १. निक्षेप दायित्व

प्रस्तुत आ.व. को संकलित निक्षेप रु ५२,४६,९५,९७३।९२ र सो निक्षेप शेयर पुंजीको १० गुणा भन्दा बढी रहेको पाइयो।

## २. औसत ब्याजदर

यस आ.व.मा कर्जा लगानीमा औसत ब्याजदर १७।५० प्रतिशत र निक्षपमा प्राप्त औसत ब्याजदरको लागत १२।५० प्रतिशत रहेको पाइयो, जसको आधारमा मुल्यांकन गर्दा औसत ब्याजदरको अन्तर (Average Spread Rate) ५ प्रतिशत रहेको पाइयो।

## ३. ह्रास कट्टी

अचल सम्पत्तीको ह्रासकट्टी आयकर ऐन २०५८ अनुरुप गरिएको पाइयो।

## ४. लेखा विवरणको प्रस्तुती

गत आ.व.मा प्रस्तुत अंकहरूलाई यस आ.व.को अंकहरूसंग तुलना हुनगरि आवश्यकता अनुसार पुर्नगठन वा पुनवर्गीकरण गरि प्रस्तुत गरिएको छ। अंकहरूलाई नजिकको रुपैयांमा प्रस्तुत गरिएको छ।

रजिर्ष्टड लेखापरीक्षक
हरिकृष्ण श्रेष्ठ
एच.के. श्रेष्ठ एण्ड कं

टिपोट (Note)

# हार्दिक समवेदना

यस संस्थाका सदस्यहरु:

आशामरु गोपाली

नन्दकुमारी श्रेष्ठ

चित्र बहादुर के.सी.

ज्ञानु श्रेष्ठ

पूर्ण प्रसाद गोपाली

सुरेन्द्र तामाङ्ग

रत्नहरि जोशी

को

असमायिक निधन भएकोमा

दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै

शोक सन्तप्त परिवार प्रति

हार्दिक समवेदना प्रकट गर्दछौं ।

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.
DEV DARSHAN SAVING & CREDIT CO-OPERATIVE LTD.
चन्द्रागिरि न.पा.- ५, दाउराडिपो, काठमाडौं फोनः ४३१६११७, ४३१६११८, फ्याक्सः ४३१६१२५
इ-मेल: devdarshansaving@gmail.com